का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ माघ २०७८,
सोमबार
07 February 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न




# एमसीसीले गठबन्धन संकटमा

## एमाले एमसीसीमा चुप, सभामुखलाई हटाउनुपर्ने अडान

प्रधानमन्त्री देउवा एमसीसी जसरी पनि पास गर्नुपर्ने अडानमा रहेपछि सत्ता गठबन्धनमा आवद्ध दलबीच मतभेद बढ्ने संकेत देखिएको छ ।



*प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" प्रधानमन्त्री निवास बालुवाटारको बैठकमा । तस्वीर : रोशन सापकोटा, रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ माघ

अमेरिकी सहयोगसम्बन्धी सम्झौता मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी)को विषयलाई लिएर सत्ता गठबन्धनमा खटपट शुरु भएको छ । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्तरुपमा एमसीसी पास गर्ने प्रतिबद्धतासहित एमसीसी मुख्यालयलाई पठाएको पत्र सार्वजनिक भएसँगै सत्ता गठबन्धनमा खटपट शुरु भएको हो ।

प्रधानमन्त्री देउवा एमसीसी जसरी पनि पास गर्नुपर्ने अडानमा रहेपछि गठबन्धनमा आवद्ध दलबीच मतभेद बढ्ने संकेत देखिएको छ । गठबन्धनमा आवद्ध नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टी भने एमसीसी यथास्थितिमा पास नगर्ने मनस्थितिमा छन् । तर माओवादी अध्यक्ष प्रचण्डले नै देउवासँग मिलेर एमसीसी संसद्बाट अनुमोदन गर्ने प्रतिबद्धतासहित एमसीसी मुख्यालायलाई पत्र पठाएपछि माओवादी केन्द्रमा पनि तरंग पैदा भएको छ । यसअघि माओवादी अध्यक्ष प्रचण्डले नै एमसीसी यथास्थितिमा पारित नगर्ने पार्टीको आधिकारिक धारण रहेको बताउँदै आएका थिए भने पार्टीका अन्य नेताहरु पनि यथास्थितिमा पारित नगर्ने पक्षमा छन् । तर पछिल्लो घटनाक्रमले माओवादी भित्र पनि विवाद बढ्ने संकेत देखिएको छ ।

एमसीसी बारेको पत्र सार्वजनिक भएसँगै

– बाँकी पृष्ठ २ मा

### सात महिनापछि ओली बालुवाटारमा

सरकार र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेबीच औपचारिक संवाद शुरु भएको छ । प्रधानमन्त्रीबाट हटेको सात महिनापछि एमाले अध्यक्ष ओली पहिलो पटक प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छलफल गरेका छन् । प्रधानमन्त्रीमा देउवा नियुक्त भएपछि संसदमा प्रतिनिधित्व गर्ने तीन ठूला दलबीच देशको पछिल्लो समसामयिक विषयमा भएको छलफल यो पहिलो पटक हो । तर उनीहरुबीच भएको छलफल बिना निष्कर्ष टुंगिएको छ ।

आइतबार बालुवाटारमा भएको बैठकमा एमसीसी, स्थानीय निर्वाचन र संसद्को अवरोधका विषयमा छलफल भएको एमाले महासचिव शंकर पोखरेलले जानकारी दिए । एमसीसीका विषयमा सत्ता गठबन्धनले निर्णय गरेपछि एमालेले औपचारिक धारणा दिने महासचिव पोखरेलले जानकारी दिए । उनले प्रधानमन्त्री देउवा र माओवादी अध्यक्ष प्रचण्डले एमसीसी बोर्डलाई पठाएको पत्रले सत्ता गठबन्धन एमसीसीबारे अनिर्णित रहेको पुष्टि गर्ने बताए ।

त्यस्तै बैठकमा प्रधानमन्त्री देउवाले संसद्को गतिरोध हटाउन एमाले अध्यक्ष ओलीलाई आग्रह गरेका थिए । तर एमाले अध्यक्ष ओलीले सभामुखलाई नहटाएसम्म संसद्को अवरोध कायमै रहने जवाफ दिएको महासचिव पोखरेलले जानकारी दिए ।

सदनमा प्रतिपक्षीको उपस्थिति गराउन सत्ता पक्षले पहल गर्नुपर्ने उनको भनाइ थियो । एमालेले माधव नेपालसहित १४ जनालाई कारबाही गरेको सूचना टाँस नगरेको भन्दै सदन अवरोध गर्दै आएको छ । साथै बैठकमा एमाले अध्यक्ष ओलीले स्थानीय निर्वाचनको मिति तत्काल तोक्न प्रधानमन्त्री देउवाको ध्यानाकर्षण

– बाँकी पृष्ठ २ मा

# जोरबिजोर हट्यो, फागुन एकबाट विद्यालय खुल्ने

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ माघ

कोरोना भाइरस संक्रमण नियन्त्रणका लागि काठमाडौं उपत्यकामा जारी जोरबिजोर प्रणाली सोमबारबाट हटेको छ । कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसीसी)को सिफारिस अनुसार उपत्यकाका तीनै जिल्ला (काठमाडौं, भक्तपुर र ललितपुर) को प्रशासन कार्यालयले आइतबार मध्यरातिदेखि सवारी साधानमा जोर बिजोर हटाउने निर्णय गरेको हो ।

साथै बैठकले फागुन १ गतेदेखि भौतिक उपस्थितिमै विद्यालयहरू सञ्चालन गर्ने निर्णय पनि गरेको छ । फागुन १ गतेदेखि स्कुल, कलेज, ट्युसन सेन्टर लगायतका शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सकिने प्रशासन कार्यालयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । तर १२ वर्ष पुरा



नएका विद्यार्थीहरुको हकमा स्थानीय तहको समन्वयमा आलोपालो वा सिफ्ट प्रणालीमा कक्षा सञ्चालनको व्यवस्था मिलाउनुपर्ने भनिएको छ ।

विद्यालय व्यवस्थापनले आलोपालो वा सिफ्ट प्रणालीमा कक्षा सञ्चालन गर्न आदेश दिएको हो । साथै सबै परीक्षाहरू पनि सञ्चालन गर्न अनुमति दिएको छ । तर स्वास्थ्यका मापदण्डको पालना गर्न आदेश दिएको छ ।

त्यसैगरी सपिङ मल, डिपार्टमेन्टल स्टोर, सुपर मार्केट र सबै प्रकारका पसल एक पटकमा २० जनाभन्दा बढी भेला नहुने भनिएको छ भने पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको एक चौथाईमा बनढ्ने गरी पूर्ण खोप लगाएका २० जना मात्र उपस्थित गराउनसमेत प्रशासनले आग्रह गरेको छ ।

प्रशासनले आमसभा, जुलुस, सभा, भेला, मेला, सम्मेलन, जात्रा, महोत्सव, पटके हाटबजारमा भने प्रतिवन्ध कायम राखेको छ । यस्तै कोरोनाको रोकथाम, नियन्त्रण, उपचार र आम नागरिकले जनस्वास्थ्यको पूर्ण रुपमा पालना गर्नुपर्ने, अनिवार्य रुपमा मास्कको प्रयोग गर्नु पर्ने, घरबाट बाहिर निस्किँदा अनिवार्य रुपमा खोपकार्ड (मोबाइलमा भए पनि हुने) राख्नु पर्नेछ ।

– बाँकी पृष्ठ २ मा


URGENTLY WANTED

One of the reputed Manpower Company located in Sinamangal is seeking qualified & experienced staffs for the following positions:

1. Documentation Officer - 04 (M/F)
2. Receptionist - 02 (F)
3. PRO - 02 (M/F)
4. Recruitment Officer - 02 (M/F)
5. Accountant - 01(F)
6. Graphic Designer - 01 (M/F)

Attractive Salary plus commission will be offered .

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
Ekatatol, Sinamangal, Kathmandu
(Opposite to Hyundai Service Center)

Contact:
: 01-4592905, 4592906
: 9801089211, 9802323195
: hiringagr@gmail.com,
www.facebook.com/aarav.recruitment/


# भिजिट भिसाबारे बुझ्न श्रममन्त्री नै यूएई जाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) यूएई जाने भएका छन् । मन्त्री श्रेष्ठको निजी सचिवालयले भिजिट भिसामा गई त्यहाँ अलपत्र अवस्थामा रहेका नेपालीहरुको व्यवस्थापनका लागि आगामी साता मन्त्री श्रेष्ठ यूएई जाने तयारी रहेको बताएको छ ।

वैदेशिक रोजगारीको प्रलोभनमा परी पर्यटन तथा अन्य भिसामा यूएई पुऱ्याएर अलपत्र परेका नेपालीहरुको व्यवस्थापनका विषयमा यूएई सरकारसँग छलफल गर्न मन्त्री श्रेष्ठ यूएई जान लागेको भन्दै निजी सचिवालयले नेपाली नागरिकलाई यूएईमा अलपत्र



पार्ने संस्था वा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन र पीडितलाई कसरी न्याय दिलाउन सकिन्छ भन्नेबारे मन्त्री श्रेष्ठले नेपालका लागि यूएईका राजदूत साइद हमदान अल नाकीसँग आइतबार मन्त्रालयमा छलफलसमेत गरेको बताएको छ ।

नक्कली मागपत्र बनाउने, झुटो आश्वासन र रोजगारीको प्रलोभन देखाएर प्रचलित कानूनले तोकेको प्रक्रियाभन्दा बाहिरबाट नेपालीलाई यूएई पुऱ्याउने कार्यमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन पनि यूएई सरकारबाट सहयोगको अपेक्षा गरिएको मन्त्री श्रेष्ठको भनाइ छ ।

त्यसअवसरमा मन्त्री श्रेष्ठले रोजगारीको प्रलोभनमा यूएई गई अलपत्र परेका नेपालीहरुको समस्या समाधानमा सहयोग गर्न राजदूत साइदसँग आग्रह गरेका थिए । मन्त्री श्रेष्ठले अलपत्र परेका

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### म्यानपावर वर्गीकरण नगर्न संघको आग्रह

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई वैदेशिक रोजगारमा संलग्न ईजाजतपत्रवाला संस्था म्यानपावर कम्पनीलाई वर्गीकरण नगर्न आग्रह गरेको छ । श्रम मन्त्रालयले म्यानपावर कम्पनीहरूको मापदण्ड तथा स्तर निर्धारण गरी वर्गीकरण गर्न आवश्यक सूचक तथा कार्यविधि तयार गर्न सहसचिव राजिव पोखरेलको संयोजकत्वमा कार्यदल गठन गरेपछि वैदेशिक रोजगार व्यवसायीहरूको ठूलो पंक्तिले त्यसको विरोध गरेको छ ।

कार्यदलमा वैदेशिक रोजगार कार्यालयका प्रमुख, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक तथा म्यानपावर कम्पनीका प्रतिनिधि सदस्य रहने मन्त्रालयले बताएको

– बाँकी पृष्ठ २ मा


कोरोना भाइरस सम्बन्धी नगरपालिका बासीहरूमा सचेतना

भ्याक्सिन लगाउनुहोस्
सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
मास्क लगाउन नछुटाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक-मुख ढाक्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्

साथै
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

दुल्लु नगरपालिका
दुल्लु, दैलेख

# मन्त्रालय फुटाएर प्रदेश एकमा मन्त्रिपरिषद् विस्तार

## कर्णाली सरकारले पायो पूर्णता

मध्यान्ह संवाददाता
काठमाडौं, २३ माघ

प्रदेश एकका मुख्यमन्त्री राजेन्द्रकुमार राईले मन्त्रिपरिषद विस्तार गरेका छन् । उनले आइतबार ८ जना मन्त्री नियुक्त गरेका हुन् । कांग्रेसबाट तीन, नेकपा माओवादी केन्द्रबाट दुई र नेकपा (एकीकृत समाजवादी)बाट तीन जना मन्त्रीमा नियुक्त भएका हुन्। नवनियुक्त मन्त्रीहरुले पद तथा गोपनियताको सपथ लिएका छन् ।



खानेपानी, सिँचाइ तथा उर्जामन्त्रीमा माओवादीका उपनेता रामकुमार राई, कृषिमन्त्रीमा माओवादीका प्रमुख सचेतक झलकबहादुर मगर नियुक्त भएका छन् । त्यस्तै, नेकपा (एकीकृत समाजवादी)का राजन राई सामाजिक विकास, खिनु लङ्वा लिम्बु पर्यटन तथा संस्कृति र उपेन्द्र घिमिरे सूचना, यातायात व्यवस्था तथा सञ्चारमन्त्रीमा नियुक्त भएका छन् ।

कांग्रेसबाट वन, वातावरण तथा भूसंरक्षणमन्त्रीमा शेखरचन्द्र थापा, उद्योग, श्रम तथा रोजगारमन्त्रीमा ओमप्रकाश सरावगी र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीमा प्रकाशप्रताप हाङ्गाम नियुक्त भएका छन् ।

कांग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च गरी ५ दलीय गठबन्धनको सरकारले मन्त्रालयको संख्या ७ बाट १३ पुऱ्याउने निर्णय गरेको थियो ।

यसअघि मन्त्री नियुक्त भएका जनता समाजवादी पार्टीका नेता जयराम यादव स्वास्थ्यमन्त्री, कांग्रेसका उपनेता हिमाल कार्की सडक, पूर्वाधार तथा सहरी विकास मन्त्री, आर्थिक मामिला तथा योजनामन्त्रीमा इन्द्रबहादुर आङ्बो र आन्तरिक मामिला तथा कानुनमन्त्रीमा कांग्रेसका प्रमुख सचेतक केदार कार्की छन् । सामाजिक विकास राज्य मन्त्रीमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी एक मात्र सांसद विष्णु तुम्बाहाम्फे नियुक्त भएका हुन् ।

त्यस्तै कर्णाली प्रदेश सरकारले तीन महिनापछि पूर्णता पाएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले एक गैरसांसदलाई मन्त्री बनाउँदै सरकारलाई पूर्णता दिएका हुन् । मुख्यमन्त्री शाहीले आइतबार नेपाली कांग्रेस र माओवादी केन्द्रबाट दुई/दुई र एकीकृत समाजवादीबाट एक मन्त्री नियुक्त गरेका हुन् । मुख्यमन्त्री शाही संसदीय दलको नेता रहेको कांग्रेसबाट यज्ञबहादुर बिसी सामाजिक विकास र हिमबहादुर शाही आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका छन् । माओवादी केन्द्रबाट जाजरकोटका गणेशप्रसाद सिंह जलस्रोत तथा ऊर्जा र हुम्लाका गैरसांसद छिरिङ दमदोल लामा (कार्चेन) उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नियुक्त भएका छन् । यस्तै एकीकृत समाजवादीबाट पदमबहादुर रोकाया भौतिक, पूर्वाधार तथा सहरी विकासमन्त्रीमा नियुक्त भएका छन् ।

नवनियुक्त मन्त्रीहरूले आइतबार नै पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रदेश प्रमुखको कार्यालयमा आयोजित सामारोहमा नवनियुक्त मन्त्रीहरूले प्रदेश प्रमुख तिलक परियारसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

१६ कातिकमा मुख्यमन्त्री नियुक्त भएका शाहीले सुरुमा माओवादी केन्द्रबाट विन्दमान विष्ट आर्थिक मामिला तथा योजना र एकीकृत समाजवादीबाट चन्द्रबहादुर शाही भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री नियुक्त गरेका थिए ।

# चित्र कोर्न भ्याई नभ्याई मासिक ४० हजारसम्म आम्दानी

सुशीला रेग्मी/मध्यान्ह
रामपुर (पाल्पा), २३ माघ



पूर्वखोला गाउँपालिका ५ बिरकोटका हिरा श्रेष्ठको दैनिकी अहिले चित्र कोर्दैमा बित्ने गरेको छ । उनलाई यतिबेला विभिन्न थरी थरीका चित्र बनाउन भ्याईनभ्याई छ ।

हाल पाल्पा रामपुर नगरपालिकाका विभिन्न संघ संस्था, होटल रेष्टुरेण्ट, विद्यालयमा चित्र कोर्दैमा समय बितेको उनलाई पत्तो छैन । यसबाट मासिक रु ४० हजार सम्म कमाई गर्छन् ।

उनी भन्छन्, 'आफूमा सीप र जाँगर भएपछि जिवन धान्न गाह्रो हुदो रहेनछ, अहिले भित्तेलेखन चित्र कोर्ने काममा व्यस्त छु, काम गर्दै जादा सीपमा निखारता आउने र कमाई पनि राम्रै हुने रहेछ ।' सानैदेखि नै चित्र कोर्ने कार्यमा रुची जगाउने ३६ वर्षीय श्रेष्ठले अहिले दाम मात्र नभई समाजमा राम्रो पहिचान बनाएका छन् । वि.स २०५७ देखि यस कार्यमा लाग्नुभएका श्रेष्ठले दुई वर्ष देखि रामपुरलाई कार्यथलो बनाएर यहाँका विभिन्न ठाउँ ठाउँमा पुगेर चित्र बनाउने गर्छन् ।

भित्तेलेखन, साइनबोर्ड, कम्पनीको बोर्ड, घरका भित्ता सजावट देखिका सबै सीप उनमा छ । कक्षा १२ सम्म अध्ययन गरेका श्रेष्ठले परिवारको आर्थिक अवस्था नाजुक हुँदा अध्ययनलाई भने अगाडी बढाउन सकेनन् ।

आफूसँग भएको सीपलाई विकास गर्दै जादा अहिले यस कार्यमा दखल बनेका छन् । धेरै ग्राहकबाट माग आएपछि बुटवलमा एक वर्ष बसेर थप सीप सिकेपछि उनको चित्रकोर्ने कला लोभ लाग्दो छ ।

'ठूला ठूला होटल रेष्टुरेण्ट, संघ संस्थाबाट माग धेरै आउन थालेपछि एक वर्ष बुटवलमा बसेर थप सीप सिकेपछि व्यावसायिक रुपमा काम गर्न थालेको छु, यो व्यवसायबाट अहिले म सन्तुष्ट छु' उनले भने ।

यहीं व्यवसायले श्रीमती, दुई छोराछोरी, बुबा आमाको पालनपोषण, छोराछोरीको पढाई खर्च, घरखर्च राम्रो संग चलेको उनी बताउँछन् । उनमा बढी प्राकृतिक वस्तुहरुमा चित्र कोर्ने रुची भएपनि ग्राहकले जुन प्रकारको चित्र खोज्यो जस्ताको तस्तै तयार पार्ने उनको राम्रो कला छ ।

सानैमा विद्यालयमा चित्रकला कार्यक्रममा सधैं उत्कृष्ट हुन्थे । भविष्यमा चित्रकार बन्ने उनको सपना सनौदेखि थियो । परिवारको हौसला, अग्रज चित्रकार, आफन्त, साथीभाईको उत्प्रेरणा र आफ्नै मेहनतले उनका सीपमा निखारता आउँदै अहिले समाजमा चित्र कोर्ने कार्यलाई व्यवसायीक बनाउने खासै भेटिदैनन् । चित्र बनाउने कार्यमा दख्खल भएका व्यक्तिलाई राज्यले संरक्षण गर्नुपर्ने बताउँछन्, गंगा मावि रामपुरका सहायक प्रधानाध्यापक कृष्ण घिमिरे ।

'उहाँमा जुनसुकै प्रकारका वस्तु तथा व्यक्तिको चित्र बनाउन पठायो, ठ्याक्कै मिल्दोगरी चित्र बनाउने राम्रो प्रतिभा देखे, यसमा तल्लिन भएर लाग्ने हो भने भविष्य छ' घिमिरेले भने ।

कागजमा बनाएको चित्रको माग कमै आउँछ । अहिलेको सर्न्दभमा भित्तेलेखन नै बढी आउने गरेको श्रेष्ठ बताउँछन् । पछिल्लो समय ठूला-ठूला घर भवन, संघ संस्था, होटल रेष्टुरेण्ट धमाधम बन्न थालेपछि आफ्नो कला र सीप प्रदर्शन गर्ने राम्रो अवसर मिलेको उनको भनाई छ ।

चित्र कोर्ने सीप भएका तर अवसर नपाएर धेरैले यस कार्यलाई आर्थिकोपार्जनका रुपमा विकास गर्न सकिरहेका छैनन् । श्रेष्ठको सीप र मेहनत अवलम्वन गर्ने हो भने जीवन जिउँन कठिनाई छैन ।

# भन्सार छलेर ल्याएको सुनसहित चार पक्राउ



**काठमाडौं/मस**-नेपाल प्रहरीले अवैध रुपमा भन्सार छलेर ल्याएको सुन, मोबाइल र ल्यापटपसहित चारजनालाई पक्राउ गरेको छ । नेपाल प्रहरीको त्रिभुवन अन्तर्राष्ट्रिय सुरक्षा कार्यालयले जजिरा एअरको फ्लाइटबाट दुबई, कुवेत हुँदै नेपाल आएका मोरङका ३० वर्षीय पदमबहादुर अधिकारी, सोही ठाउँका ३० वर्षीय मानसिंह विश्वकर्मा, झापाका २२ वर्षीय समिर रसाईली र मकवानपुरका ३२ वर्षीय गोकुल डल्लाकोटीलाई आज विमानस्थलको पार्किङबाट पक्राउ गरेको हो ।

प्रहरीले पदमबहादुरका साथबाट ५८ ग्राम तौल बराबरको एक थान सुनको सिक्री, तीन थान मोबाइल र एक थान ल्यापटप, मानसिंहका साथबाट ५८ ग्राम तौल बराबरको एक थान सुनको सिक्री, तीन थान मोबाइल र एक थान ल्यापटप तथा समिरका साथबाट ५८ ग्राम तौल बराबरको एक थान सुनको सिक्री, तीन थान मोबाइल र एक थान ल्यापटप बरामद गरेको हो । भन्सार छलेर सामान ल्याउन लगाउने गोकुललाई समेत प्रहरीले पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । पक्राउ परेकालाई बरामद गरिएको सामानसहित आवश्यक अनुसन्धान एवम् कारबाहीका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
प्रकाशित मिति २०७८/१०/२४

यस कार्यालयमा **मिति २०७७/०८/१५** मा दर्ता भएको प्रा.लि. **नं. २४८५४१** को **हाउस अफ मदिरा प्रा.लि. प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### एमसीसीले...

माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री देउवासँग असन्तुष्ट भएका छन् । प्रचण्डले प्रधानमन्त्री देउवासँग पत्र किन सार्वजनिक गरियो भन्दै प्रश्न समेत उठाएको उनी निकट नेताहरुले बताएका छन् । नेताहरुका अनुसार नेताद्वय प्रचण्ड र नारायणकाजी श्रेष्ठले एमसीसीलाई लेखेको तथा एमसीसीले लेखेको पत्र सार्वजनिक भएकोमा प्रधानमन्त्रीसमक्ष आपत्ति जनाए । तर प्रधानमन्त्री देउवाले उक्त पत्र आफुले सार्वजनिक नगरेको जवाफ नेताद्वयलाई दिएका थिए ।

माओवादी अध्यक्ष प्रचण्डले स्थानीय निर्वाचनपछि मात्र एमसीसीको प्रक्रिया अगाडि बढाउन प्रधानमन्त्री देउवासँग प्रस्ताव राखेका थिए । तर प्रधानमन्त्री देउवा भने तत्कालै एमसीसी संसद्मा टेबुल गराउनु पर्ने अडानमा छन् । प्रधानमन्त्री देउवा जसरी पनि एमसीसी पारित गराउन अगाडि बढेपछि माओवादी केन्द्र सरकारबाट बाहिरिन सक्ने आंकलन राजनीतिक वृत्तमा गरिएको छ । एमसीसीले अहिले ल्याएको तरंगले सत्ता गठबन्धन नै धरापमा परेको राजनीतिक विश्लेषकहरु पनि बताउँछन् ।

#### अनुमोदन गर्न दबाब

उक्त पत्र सार्वजनिक भएसँगै फेब्रअरी २८ अर्थात आगामी फागुन १६ गते भित्रै एमसीसी पारित गराउन सरकारलाई दबाब बढेको छ । गत कात्तिकमा जलवायु सम्बन्धी ग्लास्गो सम्मेलनबाट फर्कने क्रममा प्रधानमन्त्री देउवाले एमसीसीबारे दाहालको हस्ताक्षरसहित संयुक्त पत्र पठाएको बताएका थिए । त्यो पत्र हालै सार्वजनिक भएको हो ।

हालै एमसीए नेपालमार्फत सार्वजनिक गराइएको पत्रमा एमसीसी पारित गर्न ४/५ महिनाको समय मागिएको छ । दुवै नेताले सेप्टेम्बर २९ अर्थात् असोज १३ गते एमसीसी बोर्डलाई पत्राचार गरेका हुन् । एमसीसी बोर्ड अध्यक्षलाई सम्बोधन गरेर पठाइएको संयुक्त पत्रमा एमसीसी संसदबाट अनुमोदन गर्न दुवै नेताले प्रतिवद्धता जनाउँदै चार/पाँच महिनाको समय माग गरिएको छ । एमसीसी बोर्डलाई पत्र लेख्दै प्रधानमन्त्री देउवा र माओवादी केन्द्रका अध्यक्ष दाहालले एमसीसी संसदबाट अनुमोदनका लागि मागेका छन् ।

पत्रमा उनीहरुले एमसीसी बोर्ड उपाध्यक्ष फातिमा सुमारसँग नेपालमा छलफल भएको उल्लेख गर्दै एमसीसी संसदबाट अनुमोदन गराउने प्रतिवद्धता जनाएका छन् । एमसीसीका बारेमा रहेका भ्रम र आशंका हटाउन सरकारले सार्वजनिक बहसका कार्यक्रम गर्ने साथै एमसीसी अनुमोदनका पक्षमा धारणा राख्न सत्ता गठबन्धनमा आवद्ध दलहरुको संयुक्त पत्रकार सम्मेलन गर्ने प्रतिवद्धता प्रधानमन्त्री देउवा र माओवादी केन्द्रका अध्यक्ष दाहालले गरेका छन् ।

प्रधानमन्त्री देउवा र दाहालले दुई देशबीचको लामो मित्रता र सहयोगी सम्बन्धले एमसीसी परियोजना अनुमोदनका लागि थप समय उपलब्ध हुने विश्वास गरेका थिए । नेपाल सरकार र अमेरिकाबीच १४ सेप्टेम्बर २०१७ अर्थात् २०७४ साल भदौ २९ गते एमसीसी कम्प्याक्ट सम्झौतामा हस्ताक्षर भएको थियो ।

#### सभामुखको भूमिका

एमसीसीकै विषयमा कानून न्याय तथा संसदीय मामिला मन्त्री दिलेन्द्र बडुले सभामुख अग्नि प्रसाद सापकोटासँग छलफल गरेका छन् । अब बस्ने संसद् बैठकमा एमसीसी टेबुल गराउन कानून मन्त्री बडुले सभामुख सापकोटालाई आग्रह गरेका थिए । तर सभामुख सापकोटाले उक्त प्रस्ताव अस्वीकार गरेका छन् ।

सभामुख सापकोटाले एमसीसीको विषयमा पहिला राजनीतिक सहमति हुनुपर्ने कानून मन्त्री बडुलाई बताएका छन् । त्यस्तै सभामुख सापकोटाले संसद्मा रहेको अवरोध हटाउने वातावरण बनाउन पनि कानून मन्त्री बडुलाई आग्रह गरेका छन् । प्रतिनिधिसभाको बैठक आगामी माघ २६ गतेका लागि बोलाइएको छ । तर प्रमुख प्रतिपक्षी नेकपा एमालेले भने सभामुख सापकोटाको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै संसद् अवरोध जारी राखेको छ ।

### सात ...

गराएको उनले बताए । त्यस्तै बैठकमा माओवादी अध्यक्ष प्रचण्डले स्थानीय निर्वाचनपछि एमसीसीको प्रक्रिया अगाडि बढाउन प्रधानमन्त्री देउवासमक्ष प्रस्ताव राखेका थिए । तर प्रधानमन्त्री देउवाले भने एमसीसी तत्काल नै संसद्बाट पारित गराउनुपर्ने बैठकमा जानकारी गराएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए ।

### जोरबिजोर...

यस्तै विदेशबाट नेपाल आउँदा वा कोरोनाको कन्ट्याक्ट ट्रेसिङमा परेकाहरुले नेगेटिभ रिपोर्ट भएतापनि कम्तिमा पाँच दिन अनिवार्य रुपमा होम क्वारेन्टाइनमा बस्नु पर्ने काठमाडौं प्रशासनले जनाएको छ ।

यसैबीच नेपालमा पछिल्लो २४ घन्टामा आठ हजार ७०४ चारजना कोरोना संक्रमणबाट मुक्त भएका छन् भने एक हजार ३८६ जना नयाँ संक्रमित थपिएका छन् । हालसम्म नौ लाख नौ हजार ३४३ जना संक्रमणमुक्त भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभर नौ हजार २५१ नमूना परीक्षण गरिएको थियो । छ हजार ४४३ जनाको पिसिआर विधिबाट परीक्षण गर्दा एक हजार १८३ र दुई हजार ८०८ जनाको एन्टिजेन परीक्षण गर्दा २०३ गरी एक हजार ३८६ जनामा संक्रमण पुष्टि भएको हो । आइतबारसम्म नेपालमा कोरोना संक्रमितको कूल संख्या ११ लाख ६८९ पुगेको छ ।

त्यसैगरी पछिल्लो २४ घन्टामा कोरोना संक्रमणबाट ११ जनाको मृत्यु भएको छ । योसँगै मुलुकमा कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या ११ हजार ८१४ पुगेको छ । हाल देशभर ४५ हजार २४८ सक्रिय संक्रमित छन् भने ४३ हजार ९३२ सक्रिय संक्रमित होम आइसोलेसनमा र एक हजार ३१६ जना संस्थागत आइसोलेसनमा छन् । उनीहरूमध्ये २६९ जनाको सघन उपचार कक्ष र ४६ जनाको 'भेन्टिलेटर'मा उपचार भइरहेको छ । गत २४ घन्टामा ७९ हजार ९५९ जनाले खोप लगाएका छन् ।

उक्त मन्त्रालयका अनुसार आइतबार काठमाडौं उपत्यकामा थप ५६६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । काठमाडौंका ४१०, ललितपुरका १२४ र भक्तपुरका ३२ जनामा संक्रमण पुष्टि भएको हो ।

### भिजिट..

नेपालीहरुलाई यूएईमै रोजगारीको अवसर प्रदान गर्ने, भिसा अवधि सकिएर बढी शुल्क बुझाउनुपर्ने वा गैरकानूनीरुपमा बस्नुपर्ने बाध्यता भएकाहरुलाई आममाफी दिनुपर्ने तथा उद्धार गर्नुपर्नेहरुलाई नेपाल फिर्ता गर्ने क्रममा यूएई सरकारबाट सहयोगको अपेक्षा गरेको पनि निजी सचिवालयले जनाएको छ ।

राजदूत साइदले अलपत्र परेका नेपालीलाई यूएईमा नै रोजगारी दिलाउन तथा उद्धार गर्नुपर्नेहरुलाई पनि आवश्यक सहयोग गर्ने आश्वासन दिएका छन् । मन्त्री श्रेष्ठको यूएई भ्रमणको क्रममा नेपाल-यूएई संयुक्त समितिको बैठक पनि आयोजना हुने बताइएको छ ।

### म्यानपावर....

छ । आइतबार मन्त्रालयका सचिवलाई ध्यानाकर्षण पत्र बुझाउँदै संघले यस विषयमा वैदेशिक रोजगार व्यवसायीहरूमा अन्योलता देखिएको भन्दै स्पष्ट पार्न माग गरेको छ । संघका कार्यवाहक अध्यक्ष कमल तामाङद्वारा हस्ताक्षर गरिएको पत्रमा वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक रोजगार नियमावली २०६४ मा वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजतपत्रवाला संस्थाहरुको वर्गीकरण गर्ने सम्वन्धमा कुनै व्यवस्था नरहेको उल्लेख छ । ऐन र नियममा वर्गीकरण गर्ने व्यवस्था नरहेको अवस्थामा मन्त्रालयले वैदेशिक रोजगारमा पठाउने कामदारको संख्याको आधारमा व्यवसायीको धरौटी बढाई वर्गीकरण गरिसकेको अवस्थामा एउटै देश, समान तलब सुविधा र समान काममा कामदार पठाउने व्यवसायीलाई अब के र कुन प्रयोजनको लागी वर्गीकरण गर्न लागीएको हो ? भन्ने प्रश्न समेत उठेको भन्दै संघले म्यानपावर कम्पनी वर्गीकरणको विषयले समस्त व्यवसायीहरु अन्योलमा रहेको बताएको छ ।

म्यानपावर कम्पनीको वर्गीकरण गर्ने विषयले व्यवसायीहरुबीच अस्वस्थ प्रतिस्पर्धा गराउने भन्दै संघले भनेको छ, 'वैदेशिक रोजगार ऐन नियममा नभएको व्यवस्था लागू गरी कानूनको उल्लंघन हुने वर्गीकरण गर्ने व्यवस्था नगरिदिनु हुन अनुरोध गरिन्छ ।'

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले पनि लामो समयपछि खुल्न थालेको मलेसियाको रोजगारीमा कामदार पठाउने अवसर सीमित व्यवसायीलाई मात्रै दिने उद्देश्यले वर्गीकरणको तानाबाना बुनेको भन्दै विरोध गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वर्गीकरण गर्दा वैदेशिक रोजगारमा संलग्न ईजाजतपत्रवाला संस्था कुन राम्रो र कुन नराम्रो भनेर छुट्याउन सजिलो हुने भन्दै वर्गीकरण आवश्यक भएको जिकिर गर्दै आएका छन् ।

आइतबार साँझ विज्ञप्ति जारी गर्दै मन्त्री श्रेष्ठ र सचिव एक नारायण अर्यालले वैदेशिक रोजगार प्रशासनलाई पारदर्शी र प्रविधिमैत्री बनाउन लागि परेको भन्दै सिण्डिकेट लगाउने भन्ने विषय भ्रमपूर्ण रहेको बताएका छन् । मन्त्रालयले वैदेशिक रोजगार ऐन तथा नियमावलीले म्यानपावर कम्पनीको वर्गीकरण गर्न सकिने उल्लेख गरेको छ ।

## साउदीमा रोजगार

१. कम्पनी: DIAMOND COMPANY TO SERVE MEALS — शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५२ — L.T. No.: 257378

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: FIVE STAR TRANSPORTATION CORPORATION — शहर :JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५१ — L.T. No.: 257371

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SAFFA CAFE TO SERVE DRINKS — शहर :JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५७ — L.T. No.: 257375

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 1 | 0 | स. काममा दक्ष | 1300 | ४१,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: Durrat Al Naql Company For The Transportation Of Goods,petroleum Products And Contracting — शहर :JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५६ — L.T. No.: 257374

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: THE FLORIST'S ESTABLISHMENT FOR THE RENTAL OF EVENT SUPPLIES — शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५५ — L.T. No.: 257377

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Florist | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: AL-DAWA TOWER PHARMACEUTICALS — शहर :JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५८ — L.T. No.: 257373

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: QUIET DROP FOUNDATION FOR BEVERAGE SERVING — शहर :JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५९ — L.T. No.: 257372

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ordinary Factor | 2 | 0 | | 1000 | ३१,७८० | | | | | | | |

८. कम्पनी: DIAMOND COMPANY TO SERVE MEALS — शहर :SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१०/२३ — चलानी नं.: ६०१७४०५४ — L.T. No.: 257376

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २ गते (14 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ५ र ६ को नि:शुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

# सम्बन्ध सुधारको प्रयासमा राजेन्द्र लिङ्देन र कमल थापा

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, २४ माघ





राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष राजेन्द्र लिङ्देन र निवर्तमान अध्यक्ष कमल थापाबीचको सम्बन्ध सुधार हुने संकेत देखिएको छ। गत मंसिरमा भएको राप्रपाको महाविधेशनमा लिङ्देन अध्यक्षमा निर्वाचित भएपछि चिसिएको सम्बन्ध सुधारको संकेत देखिएको हो । अध्यक्ष लिङ्देन आफैँ थापा निवासमा पुगेर पार्टीलाई जोगाउन आफूले पहल गर्ने बताएपछि सम्बन्ध सुधारको संकेत देखिएको हो ।

नवनिर्वाचित पदाधिकारीहरुलाई पार्टीको केन्द्रीय कार्यालयमा स्वागत गर्दै अध्यक्ष लिङ्देनले निवर्तमान अध्यक्ष थापाले उठाएको विषयमा छलफल भइरहेको जानकारी दिएका छन् । 'अहिले कोहीपनि सदस्य साथीहरु राष्ट्रिय प्रजातन्त्र पार्टीभित्र असन्तुष्ट हुने अथवा असन्तुष्ट रहनुभएको अवस्था छैन,' उनले भने, 'निवर्तमान अध्यक्षजीसँग केही विषयहरु छन्, त्यस विषयमा हामी छलफलमा छौं, र त्यो विषयमा पनि हामी निकट भविष्यमै टुंगोमा पुऱ्याउँछौं।'। पार्टीको महाधिवेशनमा निर्मल निवासले ठाडो हस्तक्षेप गरेको भन्दै निवर्तमान अध्यक्ष थापाले यसबारे पार्टी केन्द्रीय कार्यसमितिमा छलफल गर्न माग गरेका थिए। आफ्ना मागलाई बेवास्ता गरे पार्टी दुर्घटनामा पर्न चेतावनी दिएपछि राप्रपा अध्यक्ष लिङ्देन थापा निवासमै पुगेर छलफल गरेका हुन् । दुई पक्षीय भेटमा थापाले उठाएको विषयमा छलफल भएपनि कुनै ठोस सहमति नभएको राप्रपाका एक नेता बताउँछन्

अध्यक्ष लिङ्देनको प्रयासपछि राप्रपामा सुधारको संकेत देखिएको छ। तर, निवर्तमान अध्यक्ष थापाले भने महाधिवेशनमा आफू पराजित भएपछि पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धामा पूर्व राजा ज्ञानेन्द्र शाहले हस्तक्षेप गरेको आरोप लगाएका थिए । 'सिंगो मुलुक गणतन्त्रमय भएको बेला शिरमा कफन बाँधेर २०६३ साल देखि राजसंस्था बोकेर हिँडेको पुरस्कार आज पाईयो । सो एजेण्डाको मूल संवाहकलाई राजनीतिकरुपमा समाप्त पार्न गरिएको चेष्टाले राजाको भलो होस्,' नेता थापाले लेखेका थिए। साथै उनले नवनिर्वाचित अध्यक्ष लिङ्देनलाई अध्यक्षको कुर्सीमा बस्न नदिएर अपहेलित गरेको विषय पनि चर्चामा आएको थियो ।

## द्वन्द्वमा बेपत्ता पारिएका परिवारलाई राहत

**काठमाडौं/मस–** सरकारले नेपालमा चलेको १० वर्षे सशस्त्र द्वन्द्वमा बेपत्ता पारिएका व्यक्तिहरुको पहिचान गरी परिचयपत्र प्रदान गरिएका व्यक्तिका परिवारको सबैभन्दा नजिकका ९३ हकदारलाई राहत रकम जनही रु १० लाख आर्थिक सहायता उपलब्ध गराउने भएको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले नेपालमा विसं २०५८ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको पहिचान गरी सो रकम उपलब्ध गराउने भएको हो। आयोगका अध्यक्ष युवराज सुवेदीका अनुसार आयोगको सिफारिस कार्यान्वयनका लागि मन्त्रिपरिषद्ले निर्णय गरेको छ। पीडित परिवारले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत रकम पाउनेछन् ।

आयोगले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सिफारिस गरेको थियो । सिफासिर कार्यान्वयनका लागि मन्त्रालयले मन्त्रिपरिषद्बाट २०७८ मङ्सिर ६ गते निर्णय गरेको थियो तर आयोगमा आइतबार मात्र औपचारिकरूपमा पत्र आयोगका पुगेको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको निर्णय कार्यान्वयन गर्नका लागि बेपत्ता पारिएका ९३ व्यक्तिका परिवारजनलाई रु १० लाखका दरले रु नौ करोड ३० लाख मात्र आर्थिक सहायता उपलब्ध सरकारले निर्णय गरेको थियो । आयोगको निर्णय कार्यान्वयन गर्नका लागि सिताराम कार्कीलगायत ९३ व्यक्तिका परिवारलाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी ऐन, २०७१ को दफा २ को खण्ड 'च' को परिभाषामा परेकालाई उक्त रकम दिइएको हो ।

# सरकारले जनताको पक्षमा काम गर्छ : मन्त्री आले



**काठमाडौं/मस–**संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले जनताका बाधा, समस्या र अप्ठ्यारा वर्तमान सरकारले पन्छाउने बताएका छन् । उनले भने, 'यो जनताको सरकार हो, यसले पूर्णरूपमा जनताको पक्षमा काम गर्छ ।'

मारवाडी सेवा समितिको ६९औँ वार्षिकोत्सवमा आइतबार मन्त्री आलेले समितिको सेवामुलक कार्यले नेपाली नागरिकलाई राहत पुगेको बताए । उनले भने, 'समितिले गरेको सेवाले यहाँका दुःखी, गरिब तथा असहाय नागरिकका लागि बरदान सावित भएको छ । मेरो तर्फबाट चाहिने सहयोग गर्नेछु ।' मन्त्री आलेले समितिले गरेका रचनात्मक तथा निःशुल्क सेवामुलक कार्यको प्रशंसा गर्दै पछिल्लो समय समितिले सञ्चालन गरेको निःशुल्क डाइलायसिस सेवाले पीडित नागरिकलाई राहत पुगेको विश्वास व्यक्त गरे । उनले भने, 'नागरिकको सेवामा लाग्दा लाग्दै तपाईंहरूलाई कुनै बाधा, व्यवधान, अड्चन, अप्ठ्यारो उत्पन्न भए सरकार त्यसको समाधानका लागि तयार छ ।' सो अवसरमा समितिमा आबद्ध भइ लामो समयसम्म नागरिकको सेवामा खटिएका पाँच ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो ।

## परिणाममुखी काम गर्न निर्देशन

**विराटनगर/मस–**प्रदेश नं १ को मन्त्रिपरिषद्को बैठकले प्रदेशका मन्त्रीहरूलाई साझा न्यूनतम कार्यमा दत्तचित्त भएर परिणाममुखी काम गर्न निर्देशन दिएको छ । मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा आज बसेको बैठकले वित्तीय क्षेत्रमा सुशासन कायम गर्न र जोखिम न्यूनीकरण गर्न बनाइएका कार्यविधि २०७८ पारित गरेको छ ।

बैठकले आर्थिक, सामाजिक तथा पूर्वाधार समिति सामाजिक विकासमन्त्री राजन राई, आर्थिक सामाजिक तथा पूर्वाधार समितिमा आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बो तथा कानुन न्याय तथा प्रदेश मामिला समितिमा आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीलाई तोकेको छ ।

### लिम्चुङबुङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :– २०७८/१०/२४**

यस कार्यालयबाट मिति: २०७८/०९/१३ गते गोरखापत्र पत्रिकामा प्रकाशित तपसिल अनुसार e–GP मार्फत शिलबन्दी दर भाउपत्रको सूचनामा अन्तिम मितिभित्र रितपूर्वक पर्न आएका बोलपत्रमध्ये तपशील बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रायोजनको लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्र दाता | बोलपत्र दाताको ठेगाना | कामको विवरण | ठेक्का नं. | कबोल रकम रु (भ्याट बाहेक) | कै. |
|---|---|---|---|---|---|---|
| १ | श्री नरसिंह निर्माण सेवा | विष्णुपुर गा.पा-०६, सप्तरी, प्रदेश नं २ | Construction of 2 storey 4 room school building, ward no 4, (Chhatang)Balmata | LRM/Udayapur/Works/NCB/16/078/079 | ५७,२१,७०६५२ | |
| २ | श्री नरसिंह निर्माण सेवा | विष्णुपुर गा.पा -०६, सप्तरी, प्रदेश नं २ | Construction of ward office Building, ward no 1, Basbote | LRM/Udayapur/Works/NCB/17/078/079 | ५७,७०,०३४९७ | |

**प्रमुख प्रशासकीय अधिकृत**

### उदयपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना**

**प्रकाशित मिति : २०७८/१०/२४**

यस कार्यालयबाट मिति २०७८/१०/०२ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका दरभाउपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमको दरभाउपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आसयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र. सं. | दरभाउ पत्र नं./ विवरण | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक ने. रु. (VAT सहित र PS बाहेक) |
|---|---|---|---|
| १ | URM/NCB/Works/19-2078/79, Upgrading works of Mathillo Chiyabari Krishi Sad Kamare Kholsa Bata Simle Samma Gravel | Anamol Nirman Sewa Udayapurgadhi RM-6,Nepaltar | ५१३९९८.९९/- |

**प्रमुख प्रशासकीय अधिकृत**


**साउदीमा रोजगार** | १. कम्पनी: ABDULLAH FAHAD FAWAZ AL-ANZI FOUNDATION FOR SECURITY AND SAFETY
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०१३ LT. No.: 257474

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber Assistant | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ फागुन २ गते (14 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Synnet International Pvt.ltd.
Kupondol-10, Lalitpur, Tel: 01-5545018
Gov. Lic No. 206/057/058



**कुवेतमा रोजगारको अवसर** | कम्पनी: KUWAIT INDUSTRIAL CENTER COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०३७ L.T. No.: 257559

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५१,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter | 1 | 0 | | 150 | ५९,१५२ | | | | | | | |
| 3. | Spider Worker | 5 | 0 | | 100 | ३९,४३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण २ गते (14 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ९२५/०६७/०६८
बसुन्धारा–९, धापासी, फोन: ४३८०७७८, ४३८०८७९, फ्याक्स: ४३६६३५८
Email: gnps925@gmail.com | URL: www.gnpsnepal.com



**UAE मा रोजगार** | कम्पनी: LEMON BUILDING CLEANING AND GENERAL MAINTENANCE
शहर : UAE

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०२२ LT. No.: 257497

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 15 | स. काममा दक्ष | 900 | २९,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २ गते (14 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



**साउदीमा रोजगार** | कम्पनी : ABDUL MAJEED ABDUL KARIM MOHAMMAD AL AWAMI CAR WASH
शहर DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/१०/२३ चलानी नं.: ६०१७४०१० L.T. No.:257386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Washing & Lubricant Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुण २ गते (14 February 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले गर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा खर्च कसले गर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम खर्च कसले गर्ने | हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने | भिषा स्ट्याम्पीङ शुल्क कसले दिने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले दिने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Mechi International Overseas Pvt. Ltd.
Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Tel: 01- 4487000, Fax: 01- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np



**HOSPITALITY TRAINING**

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

Hilton Academy Pvt.Ltd. A great place for career

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।







नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484



**साउदीमा रोजगार** | कम्पनी: MOHAMMED BIN MUBARAK BIN MOAID AL QAHTANI TRANSPORT
शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/१०/२१ चलानी नं.: ६०१७४००२ LT. No.:257487

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Road Equipment Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ५७,२०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण २ गते (14 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 4110567, 9843324899, 9869320820, 9808768683/ 9841769830
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com

मध्यान्ह
www.madhyanhadaily.com
२४ माघ २०७८, सोमबार
07 February 2022, Sunday

सम्पादकीय

# एमसीसीमा देउवा–प्रचण्ड पत्र !

यतिबेला एमसीसी परियोजनालाई मुलुकको संसदबाट अगाडि बढाउने वा नबढाउने भन्ने विषयमा राजनीतिक वृत्तमा सघन बहस भइरहेको छ । सोही बेलामा प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमसीसीको कार्यालयमा प्रेषित गरेको गोप्य–पत्र सार्वजनिक भएको छ । देउवा–प्रचण्डले एमसीसीलाई पठाएको संयुक्त पत्रमा जे लेखिएको भएता पनि यसले कुटनीतिक मर्यादाको विषयमा भने गम्भिर प्रश्न उठाएको छ ।

एमसीसी परियोजना राजनैतिक रूपमा विवादित बनाइरहनु भन्दा पनि यसलाई सही ढंगले निरूपण गर्नु आवश्यक हो । किनकी वर्तमान सन्दर्भमा कुनै पनि मुलुक विश्वका अन्य मुलुकहरूसँग कुटनैतिक र लगानी तथा व्यापारको सम्बन्ध बिना अगाडि बढ्न सम्भव छैन । लामो समयदेखि कुटनैतिक तथा विशेष सम्बन्ध रहेको अमेरिकाले नेपाललाई प्रदान गर्ने भनिएको अनुदान परियोजनालाई ठाडो अस्विकार गर्ने कुराले नेपालको कुटनैतिक परिपक्कता प्रदर्शन हुन सक्दैन । प्रधानमन्त्री देउवा र अध्यक्ष प्रचण्डले परियोजनाको प्रावधानमा रहेका विवादित विषयहरूलाई सल्ट्याउनको लागि कुटनैतिक रूपमा सही भूमिका खेल्न खोज्ने कुरालाई गलत नमान्न सकिन्छ । देउवा र प्रचण्डबाट प्रेषित भएको पत्रले करिब म्याद सकिसकेको एमसीसी परियोजनालाई जिवित राख्ने काम गरेको छ । तर, यहाँनेर प्रश्न उठेको छ, के सो परियोजनालाई जिवित राख्नको लागि प्रधानमन्त्री र माओवादी अध्यक्षको तर्फबाट संयुक्त पत्र लेख्न नै जरूरी थियो ?

के प्रधानमन्त्री देउवा र माओवादी अध्यक्ष प्रचण्डले अमेरिकाद्वारा सञ्चालित एउटा परियोजनामा संयुक्त रूपमा गोप्य पत्र पठाउने कुरा सही हुनसक्छ ? कार्यकारी प्रमुखमा रहेका प्रधानमन्त्रीले परियोजना सञ्चालनसम्बन्धी मातहतहतको निकायलाई पत्र पठाउने जिम्मेवारी नदिएर एउटा पार्टीको अध्यक्षसँग संयुक्त पत्र पठाउने काम किन गरे ? के हाम्रो मुलुक वा अन्य कुनै मुलुकले यस्तो प्रकारको अभ्यास गरेको कुनै उदाहरण छ ? की कुनै शक्ति केन्द्र वा कसैको दबाबमा परियोजनाको केन्द्रीय कार्यालयमा त्यस्तो पत्र प्रेषित गर्न हाम्रो नेतृत्व बाध्य भयो ? के सो पत्र पठाउने विषयमा मन्त्रीपरिषद् वा कुटनैतिक सम्बन्धको विषयमा मुख्य जवाफदेही निकाय परराष्ट्र मन्त्रालयसँग छलफल गरिएको थियो ?

